# उद्योगी व्यवसायी महानुभावहरुमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको अपिल !

संविधान दिवस तथा राष्ट्रिय दिवस २०७६ को अवसर पारेर नेपालको वैदेशिक व्यापार प्रवर्द्धन तथा सहजीकरण गर्ने उद्देश्यले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रबाट विश्व बैंक समूहको सहयोगमा नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना अन्तर्गत निर्माण एवं विकास गरिएको विस्तारित नेपाल व्यापार सूचना पोर्टल http://staging.nepaltradeportal.gov.np र NTIP Mobile App को माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृका प्रसाद यादवज्यूले मिति २०७६ आश्विन २ गते विहिबार Online को माध्यमबाट शुभारम्भ गर्नु भई सञ्चालनमा रहेको यहाँहरुलाई विदितै छ ।

उक्त अवसरमा माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू तथा केन्द्रका श्रीमान् कार्यकारी निर्देशकज्यूबाट निजी क्षेत्रका महानुभावहरुलाई आफ्नो वस्तु तथा व्यवसायीक प्रोफाईल आकर्षक रुपमा पोर्टलमा प्रविष्टि गरिदिनका र सञ्चालनमा आएको पोर्टलमा प्रविष्टि गरिएका Information हरुको उच्चतम प्रयोग गरी feedback र comment को लागि आग्रह गरिएको व्यहोरा पनि यहाँहरु समक्ष पूनः स्मरण गराउन चाहन्छौं ।

उद्योगी व्यवसायी महानुभावहरु केन्द्रले विस्तारित गरिएको यस पोर्टल व्यापार सम्बन्धी जानकारी प्रवाह गर्ने एक मात्र सरकारी पोर्टल भएको र यसको विश्वासनियता एवं पारदर्शिताको कारण यहाँहरुको वस्तुहरु विश्वका आयातकर्ताहरुले जुनसुकै स्थानबाट सजिलै प्राप्त गर्न सक्ने हुँदा यहाँहरुको वस्तुको प्रवर्द्धन एवं बजार विविधिकरणको लागि पोर्टलमा भएको Business Profile तथा Service Provider Profile मा सजिलै आफैले आ-आफ्नो कम्पनी, वस्तु तथा सेवाहरुको प्रोफाईल प्रविष्टि गरिदिनु हुन हार्दिक अपिल गर्दछौं ।

साथै यहाँहरुको उक्त प्रोफाईलहरु प्रविष्टि भए पश्चात् विस्तारित पोर्टलको दोस्रो चरणको विधिवत रुपमा उद्घाटन गरिने कार्यक्रम समेत रहेको व्यहोरा समेत यहाँहरुलाई जानकारी गराउन चाहन्छौ ।